# धनगढी उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पशु सेवा शाखा, धनगढी, कैलाली
## सुदुरपश्चिम प्रदेश

प.सं. २०८२/०८३
च.नं.

मिति : २०८२/०५/२०

विषय : सूचना । सूचना ॥ सूचना ॥

उपरोक्त सम्वन्धमा यस कार्यालयको आ.व. २०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार हिंउदे तथा वर्षे घाँसको विउ वितरण कार्यक्रम (५० प्रतिशत अनुदान) अन्तर्गत **५० प्रतिशत अनुदानमा** बर्षिम घाँसको विउ वितरण गरिने भएकोले धनगढी उप्महानगरपालिका भित्रका दर्तावाल व्यवसायिक गाई भैसी फार्म/व्यवसायिक बाखा फार्म/व्यवसायिक बंगुर फार्म/ पशु सेवा शाखामा आवद्ध भएका कृषक समुह/समितिबाट यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र तपसिल बमोजिमका आवश्यक कागजात सहित आवेदन पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ । म्याद सकिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुल्ने दिनको कार्यालय समय भित्र निवेदन दर्ता गराउन सकिन व्यहोरा समेत जानकारी गराईन्छ ।

योगेन्द्र बहादुर चन्द

**नि. प्रमुख प्रशासकीय अधिकृत**

तपसिल

आवश्यक कागजात

१. रु. १०। को टिकट टाँस गरिएको निवेदन

२. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ( फार्मको हकमा)

३ फार्म/समुह/समिति दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपि

४. कर चुक्ता रसिदको प्रतिलिपि

५. घाँसको विउ माग संकलन तथा फार्म/समुह/समितिको तथ्यांक फारम

**नोट** :- घाँसको विउ माग संकलन तथा फार्म/समुह/समितिको तथ्यांक फारम र निवेदनको ढाँचा पशु सेवा शाखा धनगढी, १९ वटै वडा कार्यालय र पशु सेवा केन्द्रहरुमा निःशुल्क पाईनेछ । कृषकहरुको सुविधाको लागि **पशु सेवा केन्द्र फुलवारी, उर्मा, भलारी र वेलादेविपुरबाट** पनि निवेदन संकलन गर्ने व्यवस्था गरिएको व्यहोरा जानकारी गराईन्छ । थप जानकारीको लागि **पशु सेवा शाखा**मा सम्पर्क गर्न हुन अनुरोध छ ।

श्री कार्यालय प्रमुख ज्यू
धनगढी उप–महा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली

विषय : घाँसको विउ उपलव्ध गराई पाउं ।

महोदय,

उपरोक्त सम्वन्धमा त्यस कार्यालयबाट मिति २०८२/०५/२० गते प्रकाशित सूचना अनुसारको बर्षिम घाँसको विउ प्राप्त गर्न यस .................... ........... ............... ..... ....... ............. फार्म/समुह/समितिबाट तपसिल बमोजिमका कागजात संलग्न राखि यो निवेदन पेश गरेको छु /गरेका छौं ।

निवेदकको
नाम :
ठेगाना :
दस्तखत :
सम्पर्क नं.

निवेदन साथ संलग्न कागजातहरु

१)
२)
३)
४)
५)

# बर्षिम घाँसको विउको माग संकलन तथा फार्म/समुह/समितिको विवरण संकलन फारम

१) फार्म/समुह/समितिको नाम :

२) ठेगाना :

३) संचालक/अध्यक्षको नाम

४) सम्पर्क नं.

**५) बर्षिम घाँसको विउ माग सम्वन्धि विवरण**

| क्र.सं. | माग गरेको घाँसको विवरण | ईकाई | माग गरेको विउको परिमाण | लगाउने क्षेत्रफल (कठ्ठामा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | बर्षिम घाँसको विउ | के.जि. | | | |

**६) फार्म/समुह/समितिको तथ्याङ्क**

**क) गाईको स्टक विवरण**

| प्रजननको लागि पालिएको साँढेको संख्या | ब्याउने तथा ब्याएका गाईको संख्या | थारा गाईको संख्या | बहरको संख्या | कोरेलीको संख्या | बाच्छाको संख्या | बाच्छीको संख्या | जम्मा | सरदर दुध उत्पादन प्रति दिन |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

**ख) भैसीको स्टक विवरण**

| प्रजनन् योग्य राँगोको संख्या | ब्याउने तथा ब्याएका भैसीको संख्या | थारा भैसीको संख्या | हाल प्रजनन अयोग्य राँगोको संख्या | कोरेली भैसीको संख्या | पाडाको संख्या | पाडीको संख्या | जम्मा | सरदर दुध उत्पादन प्रति दिन |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

**ग) बाखाको स्टक विवरण**

| प्रजनन् योग्य बोकाको संख्या | जम्मा माउ बाखाको संख्या | खसीको संख्या | हाल प्रजनन अयोग्य बोकाको संख्या | पठ्याङग्रीको संख्या | पाठाको संख्या | पाठीको संख्या | जम्मा | खोरको क्षमता |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

**ग) बंगुरको स्टक विवरण**

| विरको संख्या | भुनीको संख्या | खसी पारिएको वंगुरको संख्या | प्रजनन् उमेर नपुगेको भाले लागि | गिल्टको संख्या | पाठाको संख्या | पाठीको संख्या | जम्मा | खोरको क्षमता |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

निवेदकको दस्तखत

छाप

मिति : २०८२/ /